तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही, ५ नं. प्रदेश नेपाल

# सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना

सूचना नं. ०६/०७४/०७५
प्रथम पटक प्रकाशित मिति २०७६।०१।२४

यस नगरपालिकाबाट तपसिलमा उल्लेखित कार्यहरु ठेक्कापट्टाको माध्यमबाट गराउनु पर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त निर्माण ब्यबसायी बाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

शर्तहरु :-

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ निर्माण ब्यबसायी /उत्पादकले ब्यबसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ (पन्ध्रौ) दिन कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्र नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ (सोह्रौ) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्र दाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्न कुनै बाधा पर्ने छैन । दरभाउपत्र खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा कमस सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खरिद, दाखिला र खोल्ने कार्य हुने छ ।

३. सिलबन्दी दरभाउपत्र साथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एन आइ सी एसिया बैक मणिग्राम शाखाको धरौटी खाता नं. A5CA549959952403 मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ९० (नब्बे) दिन म्याद भएको बिडबण्ड (धितो जमानी पत्र) संलग्न हुनु पर्नेछ ।

४. दरभाउपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत र छाप भएको हुनु पर्ने छ ।

५. समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

६. दरभाउपत्र मा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. दरभाउपत्र दर्ता गर्नु अगावै सम्बन्धित ब्यबसायीहरुबाट साइट निरिक्षण गरी आबश्यक जानकारी लिन सकिने छ ।

८. दरभाउपत्र को डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

९. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१०. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्बजनिक खरीद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

**तपसिल**

| सि.नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर सहित) रु. | दरभाउपत्र जमानत रु. | दरभाउपत्र दस्तुर रु. | किसिम |
|---|---|---|---|---|---|---|
| १ | ३३ /०७५/०७६ | तिनाउ नदि नियन्त्रण | १५०२६६९.१४ | ३८,००० | १००० | सिलबन्दी दरभाउपत्र |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत